**उच्च माध्यमिक शिक्षा परिषद्**
**सानोठिमी, भक्तपुरको**
**परीक्षा संचालन सम्बन्धी**

# विज्ञप्ती

उच्च माध्यमिक शिक्षा परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरद्वारा २०६८ वैशाख १९ गतेदेखि ३० गतेसम्म कक्षा १२ तथा जेष्ठ १ गतेदेखि १२ गतेसम्म कक्षा ११ को वार्षिक परीक्षा संचालन सम्बन्धी सम्पूर्ण तयारी कार्य सम्पन्न भै सकेको व्यहोरा अनुरोध छ ।

**परीक्षा संचालन सम्बन्धी विवरणः**

१. नेपालभर परीक्षा केन्द्र ८८१ रहेको छ ।

२. सहायक केन्द्राध्यक्ष, पर्यवेक्षक, निरीक्षक र सुरक्षाकर्मी सहित औसत प्रतिदिन २३,१८२ कर्मचारी परीचालन हुने ।

३. कक्षा १२ मा कूल जम्मा ३,८७,८१२ परीक्षार्थी सहभागी हुने ।

४. कक्षा ११ मा कूल जम्मा ४,६८,३४५ परीक्षार्थी सहभागी हुने ।

५. कक्षा १२ र कक्षा ११ मा गरी कूल जम्मा ८,५६,१५७ परीक्षार्थी सहभागी हुने ।

# **परीक्षा समन्वय समितिः-** नेपाल सरकार (मन्त्रिस्तर) को मिति २०६७/१२/२२ को निर्णयानुसार प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला प्रहरी कार्यालय प्रमुख- सदस्य र जिल्ला शिक्षा अधिकारी- सदस्य-सचिव रहेको जिल्ला शिक्षा समन्वय समितिको गठन भएकोछ । त्यस समितिमा नेपाली सेनाका प्रमुख र जिल्लाका शसस्त्र प्रहरी बल तथा परिषद्को कार्यालय भएका जिल्लामा सो कार्यालयका अधिकृत कर्मचारीलाई आमन्त्रित सदस्यको रूपमा राख्ने व्यवस्था भएको । समन्वय समितिले

- परीक्षा केन्द्रमा खटिएका केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, पर्यवेक्षक, निरीक्षक एवं परीक्षामा खटिएका कर्मचारीहरूले अनियमित कार्य गरेको पाइएमा परीक्षा समन्वय समितिले तत्काल परीक्षाको कामबाट निष्कासन गरी सोको वैकल्पिक व्यवस्था गरी परीक्षा नियन्त्रण कार्यालयमा जानकारी गराउने ।
- परीक्षा केन्द्रहरूको नियमित निरीक्षण तथा अनुगमन गर्ने, परीक्षामा अमर्यादित कार्य गर्ने जो कोहीलाई शिक्षा ऐन, नियमावली तथा अन्य प्रचलित कानून अनुसार कारवाहीका लागि सम्बन्धित निकायमा सिफारिश गर्ने,
- जिल्ला परीक्षा समन्वय समितिका पदाधिकारी, सुरक्षा निकायका प्रमुख, केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, पर्यवेक्षक र परिषद्को कार्यालयबाट खटिएका कर्मचारी बाहेक अन्य कसैलाई पनि परीक्षा संचालन अवधिभर परीक्षा केन्द्रमा मोवाइल फोन प्रयोग गर्न नपाउने व्यवस्था गर्ने,

# **अन्य व्यवस्थाः-**

- सरकारी संयन्त्रलाई पूर्ण रूपमा परिचालन गरिएको ।
- परीक्षा समन्वय समितिलाई पूर्ण जवाफदेही र अधिकार सम्पन्न बनाइएको ।
- परीक्षा संचालन सम्बन्धमा केन्द्राध्यक्षको क्षेत्रीय स्तरका कार्यशाला/गोष्ठी संचालन गरिसकिएको ।
- जिल्ला परीक्षा समन्वय समितिहरूको बैठक बसी परीक्षालाई व्यवस्थित र मर्यादित रूपमा संचालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था भएको ।
- परीक्षामा अमर्यादित काम कारवाही गर्ने व्यक्तिलाई ६ महिना कैद र १ लाख रूपैयाँ सम्म जरिवानाको व्यवस्था भएको ।
- जिल्ला परीक्षा समन्वय समिति र परीक्षा नियन्त्रकको अनुमति/प्रवेशपत्र विना जोकोहीलाई केन्द्रमा प्रवेश गर्न नदिने ।

*मितिः- २०६८/१/१८*

**उच्च माध्यमिक शिक्षा परिषद्**
**सानोठिमी, भक्तपुरको**
**परीक्षा संचालन सम्बन्धी**

# विज्ञप्ती

**पत्रकार बन्धुहरू,**

उच्च माध्यमिक शिक्षा परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरद्वारा २०६८ वैशाख १९ गतेदेखि ३० गतेसम्म कक्षा १२ तथा जेष्ठ १ गतेदेखि १२ गतेसम्म कक्षा ११ को वार्षिक परीक्षा संचालन सम्बन्धी सम्पूर्ण कार्य सम्पन्न भै सकेको व्यहोरा अनुरोध छ। परीक्षा संचालन सम्बन्धी विवरण निम्नानुसार रहेको छ।

# **परीक्षा समन्वय समितिः-** नेपाल सरकार (मन्त्रिस्तर) को मिति २०६७/१२/२२ को निर्णयानुसार प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला प्रहरी कार्यालय प्रमुख- सदस्य र जिल्ला शिक्षा अधिकारी- सदस्य-सचिव रहेको परीक्षा समन्वय समितिको गठन भएकोछ त्यस समितिमा नेपाली सेनाका प्रमुख र जिल्लाका शसस्त्र प्रहरी बल तथा परिषद्को कार्यालय भएका जिल्लामा सो कार्यालयका अधिकृत कर्मचारीलाई आमन्त्रित सदस्यको रूपमा राख्ने व्यवस्था भएको। समन्वय समितिले

- परीक्षा केन्द्रमा खटिएका केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, पर्यवेक्षक, निरीक्षक एवं परीक्षामा खटिएका कर्मचारीहरूले अनियमित कार्य गरेको पाइएमा परीक्षा समन्वय समितिले तत्काल परीक्षाको कामबाट निष्कासन गरी सोको वैकल्पिक व्यवस्था गरी परीक्षा नियन्त्रण कार्यालयमा जानकारी गराउनुपर्नेछ।
- प्रत्येक केन्द्रको प्रश्नपत्र नजिकको सुरक्षा निकायमा राख्न लगाउने, प्रश्नपत्रको सुरक्षा व्यवस्था मिलाउने, परीक्षा तालिका अनुसारको दिनमामात्र सो दिनको प्रश्नपत्र परीक्षा केन्द्रमा उपलब्ध गराउने, केन्द्राध्यक्षले परीक्षा केन्द्रमा सुरक्षाकर्मी सहित तीन जनाको रोहवरमा मात्र प्रश्नपत्रको प्याकेट खोल्ने व्यवस्था गर्ने,
- परीक्षा केन्द्रहरूको नियमित निरीक्षण तथा अनुगमन गर्ने, परीक्षामा अमर्यादित कार्य गर्ने जो कोहीलाई शिक्षा ऐन, नियमावली तथा अन्य प्रचलित कानून अनुसार कारवाहीका लागि सम्बन्धित निकायमा सिफारिश गर्ने,
- जिल्ला परीक्षा समन्वय समितिका पदाधिकारी, सुरक्षा निकायका प्रमुख, केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, पर्यवेक्षक र परिषद्को कार्यालयबाट खटिएका कर्मचारी बाहेक अन्य कसैलाई पनि परीक्षा संचालन अवधिभर परीक्षा केन्द्रमा मोवाइल फोन प्रयोग गर्न नपाउने व्यवस्था गर्ने,

# **परीक्षा सम्बन्धी निर्देशिकाः-** अख्तियार दुरुपयोग अनुसन्धान आयोग, नेपाल सरकारबाट स्वीकृत गरिएका निर्देशनहरू र विभिन्न समयमा परीक्षा नियन्त्रण कार्यालयद्वारा जारी गरिएका निर्देशनहरू समेत समावेश गरी केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, पर्यवेक्षक, निरीक्षकहरूको काम, कर्तव्य र अधिकार सहितको परीक्षा सम्बन्धी निर्देशिका-२०६८ प्रकाशित गरिएको छ।

# **परीक्षा कन्ट्रोलरूमको व्यवस्थाः-** उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी, भक्तपुरमा परीक्षा संचालन हुने हरेक दिन विहान ६:०० वजेदेखि वेलुका ६:०० वजेसम्म आवश्यक सूचना आदान-प्रदान गर्न फोन नं. ०१-६६३८१४९ र फ्याक्स नं. ०१-६६३९००१ भएको "परीक्षा कन्ट्रोल रूम" को व्यवस्था गरिएको छ।

# **केन्द्राध्यक्ष गोष्ठीः-** परिषद्को परीक्षालाई मर्यादित र व्यवस्थित गर्न परिषद्का जिल्लास्थित कार्यालयहरू विराटनगर, जनकपुर, हेटौडा, पोखरा, बुटवल, नेपालगञ्ज, धनगढी र कोटेश्वर काठमाडौं कार्यालयहरूद्वारा आ-आफ्नो क्षेत्रभित्र पर्ने परीक्षा केन्द्राध्यक्षहरूको क्षेत्रीय स्तरका कार्यशाला/गोष्ठी सम्पन्न गरी परीक्षा सम्बन्धी जानकारी उपलब्ध गराइएको छ।

# **क्षेत्रीय शिक्षा निर्देशक तथा जिल्ला शिक्षा अधिकारीः-** परीक्षाको अनुगमन र व्यवस्थापन सम्बन्धमा प्रभावकारी भूमिका खेलीदिन ५ वटै क्षेत्रीय शिक्षा निर्देशक तथा ७५ वटै जिल्ला शिक्षा अधिकारीलाई शिक्षा मन्त्रालयबाट निर्देशन गरिएको साथै वैशाख १९ गतेदेखि संचालन हुने कक्षा १२ र कक्षा ११ को परीक्षा अवधिभर जिल्ला शिक्षा अधिकारीहरूले जिल्ला नछोड्न र परीक्षालाई मर्यादित र व्यवस्थित रूपमा संचालन गर्ने कार्यमा सहयोग गरिदिन शिक्षा मन्त्रालयबाट शिक्षा विभाग लगायत सम्पूर्ण जिल्ला शिक्षा कार्यालयहरूमा परिपत्र भएको।

# बहिरा, अन्धा, अपाङ्ग वा सुस्त मनस्थिति भएका परीक्षार्थीहरूका लागि परीक्षा दिने विशेष व्यवस्था गरिएको छ।

# कारागारमा रहेका परीक्षार्थीलाई परीक्षा दिने व्यवस्था मिलाइएको छ।

# **अन्य व्यवस्थाः-**

- सरकारी संयन्त्रलाई पूर्ण रूपमा परिचालन गरिएको।
- परीक्षा समन्वय समितिलाई पूर्ण जवाफदेही र अधिकार सम्पन्न बनाइएको।
- परीक्षा संचालन सम्बन्धमा केन्द्राध्यक्षको क्षेत्रीय स्तरका कार्यशाला/गोष्ठी संचालन गरिसकिएको।
- जिल्ला परीक्षा समन्वय समितिहरूको बैठक बसी परीक्षालाई व्यवस्थित र मर्यादित रूपमा संचालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था भएको।
- परीक्षामा अमर्यादित काम कारवाही गर्ने व्यक्तिलाई ६ महिना कैद र १ लाख सम्म जरिवानाको व्यवस्था भएको।